नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं. ७०

मितिः २०८३/०५/०३

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै)

विषयः उपभोक्ता संरक्षण ऐन, २०७५ वमोजिमको विवरण सम्वन्धमा

प्रस्तुत विषयमा राष्ट्रिय मानव अधिकार आयोगको प.सं. २०८३/०८४, च.नं. १६२ मिति २०८३/०४/२९ को पत्र मार्फत उपभोक्ता संरक्षण ऐन, २०७५ वमोजिम गठन भएका समिति र समितिको कार्यसम्पादन प्रभावकारीता अध्ययनको लागि विवरण माग गर्न स्थानीय तहलाई पत्राचारको लागि अनुरोध भई आएकोले पत्रको छायाँप्रति यसै साथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय मानव अधिकार आयोग, पुल्चोक, ललितपुर ।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेवसाईटमा समेत अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईटः- www.mofaga.gov.np

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

प.सं. ०८३/८४
च.नं. १६२

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.: ६४३/५१९
मिति:

मिति:२०८३/०४/२९
ने.सं. ११४६ गुंलाथ्व द्वितीया

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः जानकारी उपलब्ध गराईदिने तथा सम्बन्धित निकायहरूमा समन्वय गरिदिने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम उपभोक्ताको अधिकारको संरक्षण तथा प्रवर्द्धन सम्बन्धमा अध्ययन तथा अनुगमन गर्ने कार्य गर्दै आइरहेको यहाँहरुलाई अवगत नै छ। यसै सन्दर्भमा आयोगले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम गठन भएका उपभोक्ता संरक्षण तथा अनुगमनसम्बन्धी समितिहरूको गठन, कार्यसम्पादन तथा प्रभावकारिता सम्बन्धी अध्ययन तथा अनुगमन गरि रहेकाले यसैसाथ संलग्न पत्र बमोजिमको जानकारी विवरण आवश्यक भएकाले संलग्न पत्र सबै स्थानिय तहलाई प्रेषित गरी विवरण उपलब्ध गराउने कार्यलाई आवश्यक समन्वय तथा सहयोग गरिदिनुहुन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २१ बमोजिम अनुरोध छ।

..............................
(रस्मीना उप्रेती)
मानव अधिकार अधिकृत

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


प.सं. ०८३/८४ मिति:२०८३/०४/२९
च.नं. ९८१ ने.सं. ११४६ गुंलाथ्व द्वितीया

श्री स्थानिय तह (सबै)।

विषय: जानकारी उपलब्ध गराईदिने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम उपभोक्ताको अधिकारको संरक्षण तथा प्रवर्द्धन सम्बन्धमा अध्ययन तथा अनुगमन गर्ने कार्य गर्दै आइरहेको यहाँहरुलाई अवगत नै छ। यसै सन्दर्भमा आयोगले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम गठन भएका उपभोक्ता संरक्षण तथा अनुगमनसम्बन्धी समितिहरूको गठन, कार्यसम्पादन तथा प्रभावकारिता सम्बन्धी अध्ययन तथा अनुगमन गरिरहेको सन्दर्भमा देहायबमोजिमका विवरण उपलब्ध गराइदिनुहुन अनुरोध छ।

१. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २८ बमोजिम गठित स्थानिय बजार अनुगमन समितिले आ.व २०८२/८३ मा गरेको कार्य प्रगति विवरण।

२. उपर्युक्त समिति/संयन्त्रहरूको बैठक, निर्णय तथा कार्यसम्पादनको अद्यावधिक अवस्था सम्बन्धी विवरण।

३. ती समिति/संयन्त्रहरूको गठन, सञ्चालन तथा कार्यसम्पादनसँग सम्बन्धित निर्देशिका, कार्यविधि वा अन्य नीतिगत दस्तावेजहरूको प्रतिलिपि।

४. उपभोक्ता संरक्षण तथा बजार अनुगमनसम्बन्धी समिति/संयन्त्रहरूको गठन तथा कार्यसम्पादनमा देखिएका समस्या, चुनौती तथा सुधारका लागि गरिएका प्रयासहरू सम्बन्धी विवरण।

उल्लिखित विवरणहरू उपलब्ध गराई उपभोक्ताको अधिकारको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी आयोगको अध्ययन तथा अनुगमन कार्यमा आवश्यक सहयोग गरिदिनुहुन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २१ बमोजिम अनुरोध छ।

<u>बोधार्थ</u>
श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार, काठमाडौं।

(रस्मीना उप्रेती)
मानव अधिकार अधिकृत


**फोन नं.** ००९७७-१-५०१००१५, **फ्याक्स नं.** ००९७७-१-५४४७९७३, **पो.ब.नं.** ९१८२, **काठमाडौं, नेपाल**
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalN